मालारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खनदह अर्घाखाँची

५ नं. प्रदेश, नेपाल

प.न. ०७६/७७

च.नं. ९८९७

इमेल : malaraniruralmun@gmail.com

## औषधी तथा सर्जिकल सामग्री खरीद सम्बन्धी शिलवन्दी दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशि मिति २०७७/०२/२०)

मालारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खनदह अर्घाखाँचीको आ.व. ०७६/७७ को गाउसभाबाट स्वीकृत औषधि खरिद कार्यक्रम अनुसार यस मालारानी गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाको लागि आवश्यक पर्ने औषधि तथा सर्जिकल सामाग्री शिलवन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले ईच्छुक औषधि खरिद विक्रि सम्बन्धी ईजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी, व्यवसायी तथा संस्थाहरुले निम्न शर्तको अधिनमा रही दरभाउपत्र खरिद गरी शिलवन्दी दरभाउपत्र पेश गर्नुहुन यो सुचना प्रकासित गरिएको छ ।

१. दरभाउपत्र फाराम सुचना प्रकासित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र यस कार्यालयबाट रु १००० फिर्ता नहुने गरी तिरी अध्यावधिक गरेको व्यवसाय ईजाजत पत्र, स्थयी लेखा दर्ता नम्वर ( प्यान) प्रमाणपत्र मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०७५/७६ सम्मको कर चुक्ताको प्रमाणपत्र, नागरिकताको प्रमाणपत्रको छायाँ प्रति र रु १० को टिकट टाँस गरिएको निवेदन पेश गरे पछि नियमानुसार सम्बन्धित शिलवन्दी दरभाउपत्र फाराम उपलब्ध गराईने छ ।

२. सुचना प्रकाशित भएको मितिले १६ औ दिनको १२ वजे भित्र दरभाउपत्र रित पुर्वक भरी यस कार्यालयमा शिलवन्दी गरी दर्ता गराई सक्नुपर्नेछ । दर्ता भएको दरभाउपत्र सोही दिनको २ वजे दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनी शिलवन्दी दरभाउपत्र खोल्न वाधा पर्ने छैन । दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तीम दिन विदा पर्न गएमा सो सम्वन्धी कार्य तत्पश्चात कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानी गरिने छ ।

३.शिलवन्दी दरभाउपत्र दर्ता गर्दा शिलवन्दी दरभाउपत्र धरौटी बापत लागत अनुमानको २.५ प्रतिशतले हुन आउने रकम रु २२,७००(अक्षरुपी बाईस हजार सात सय रुपैँया) यस मालारानी गाउँपालिकाको नाममा रहेको मेगा वैक नेपाल खनदह स्थीत धरौटी खाता नं. ००४००१००८२२४३ मा दाखिला गरेको सक्कल वैक भौचर वा ७५ दिन म्याद भएको मान्यता प्राप्त वाणिज्य वैकको वैक ग्यारेन्टी दरभाउपत्र साथ पेश गर्नुपर्ने छ । दरभाउपत्र दाताको दरभाउपत्र स्वीकृत भई सकेपछि स्वीकृत अंकको ५ प्रतिशत वरावरको रकम सम्झौता गर्नु अगावै जम्मा गर्नुपर्ने वा यस कार्यालयको नाममा मान्यता प्राप्त वाणिज्य वैकबाट जारी भएको पर्फरमेन्स वण्ड पेश गर्नुपर्नेछ ।

४. दरभाउपत्र दाताले कवुल गरेको प्रत्येक आईटमको दररेटलाई अंक र अक्षरमा प्रष्ट उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिईने छ ।दरभाउपत्र फाराममा केरमेट भएको ठाउँमा सहिछाप नगरेको पाईएमा मान्यता दिईने छैन ।

५. दरभाउपत्र दाताले आफुले खरिद गरेको दरभाउपत्र शिलवन्दी गरी दर्ता गराउनुपर्ने छ । फोटोकपी गरी पेश गरेको दरभाउपत्रलाई मान्यता दिईने छैन । यस कार्यालयबाट प्रमाणित नभएको र एक फर्मले खरिद गरेको दरभाउपत्र अर्को फर्मले दाखिला गर्न पाउने छैन । साथै दरभाउपत्रमा कुनै शर्त राखि पेश गरेमा मान्य हुने छैन । रित नपुगेको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

६. दरभाउपत्र स्वीकृत भएपछि कार्यालयले तोकेको समय अवधि भित्र औषधि तथा सर्जिकल सामाग्री बुझाउनु पर्नेछ र सम्पुर्ण करहरु दरभाउपत्र दाताले नै बुझाउनु पर्नेछ ।

७. सप्लाई हुने औषधि WHO/GMP सर्टिफिकेट प्राप्त कम्पनीहरुबाट उत्पादित भएको हुनुपर्ने छ । र प्रत्येक प्याकेटको वाहिर उत्पादन मिति, म्याद समाप्त हुने मिति र व्याच नं. उल्लेख भएको हुनुपर्नेछ । साथै सप्लाई भएको औषधिको म्यादको सम्बन्धमा उक्त औषधिको Manufacture Date वाट Expiry Date १८ महिना वाँकी हुदा स्टोर दाखिला भएको हुनुपर्नेछ । तर कुनै औषधिको जम्मा Expiry Date १८ महिना भन्दा कम हुने अवस्थामा जम्मा Expiry Date को ७५ प्रतिशत म्याद वाँकी हुदाँ दाखिला गर्न सकिने छ ।

८. मुल्य अभिवृद्धि कर लाग्ने आईटमको दररेट उल्लेख गर्दा **मुल्य अभिवृद्धि कर वाहेक**को उल्लेख गर्नुपर्नेछ ।

९. दरभाउपत्र फाराम साथ आफुले पेश गर्ने औषधि तथा सर्जिकल सामाग्रीको नमुना अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

१०. दरभाउपत्र स्वीकृत गर्दा आईटमवाईज स्वीकृत नगरी प्याकेजको रुपमा स्वीकृत गरिनेछ ।

११. यस सुचनामा उल्लेख हुन छुट भएको कुराहरु सार्वजनिक खरिद ऐन २०७३ र सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) तथा प्रचलित नेपालको कानुन बमोजिम हुनेछ ।

१२. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

१३. दरभाउपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समय भित्र कार्यालयमा सम्पर्क गरी बुझ्न सकिने छ ।

| सि.न. | सुचना नं./प्याकेज | कार्य विवरण | दरभाउपत्र दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|
| १ | 21-MRM-HMS-076/77 | औषधि तथा सर्जिकल सामाग्री खरिद | रु १,०००।- | २२,७००।- |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत